# लक्षित बिपन्न समुहका अभिभावक बिहिन बालबालिकाहरुको लागि सामाजिक सुरक्षा सहयोग सम्बन्धि

## कार्यबिधि २०७५

**सामाजिक विकास मन्त्रालय**

**गण्डकी प्रदेश**

कास्की पोखरा

सचिव

मा. नरदेवी पुन मगर
मन्त्री
सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, नेपाल

## लक्षित विपन्न समुहका अभिभावक विहिन बालबालिकाहरुको लागि सामाजिक सुरक्षा सहयोग सम्बन्धि कार्यविधि २०७५

प्रस्तावना

बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक तथा सामाजिक विकासमा गम्भीर नकारात्मक असर पर्ने खालका भेदभाव, दुर्व्यवहार, हिंसा, विभिन्न खालका शोषण, बेवास्ता, उपेक्षा वा हेलचेत्र्याइँ, अपहरण तथा अन्य हानिकारक अभ्यास, प्रकोप, अभिभावक विहिनताले बालबालिकामा पर्न जाने तत्कालिन र दीर्घकालिन जोखिमको रोकथाम तथा प्रभावितहरुको समस्या व्यवस्थापन गर्न वान्छनीय भएकोले यो कार्यविधि तयार पारी जारी गरिएको छ ।

१. **सक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "लक्षित विपन्न समुहका अभिभावक विहिन बालबालिकाहरुको लागि सामाजिक सुरक्षा सहयोग सम्बन्धि कार्यविधि २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले आपतकालिन बालउद्धार कोष नियमावली, २०६७ लाई सम्झनु पर्दछ ।

(ग) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नगरेका नेपाली नागरिकलाई सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ङ) "महाशाखा" भन्नाले मन्त्रालय अन्तर्गतको सामाजिक विकास महाशाखालाई सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले यो कार्यविधि अनुसार गठन गरिएको समितिलाई सम्झनु पर्दछ ।

(छ) "लक्षित बालबालिका" भन्नाले यसै कार्यविधिको अनुसूची १ मा उल्लेख भए अनुसारका बालबालिकालाई सम्झनु पर्दछ ।

३. **सामाजिक सुरक्षा सहयोग उपलब्ध गराउने क्षेत्रहरुः** सामाजिक सुरक्षा सहयोग उपलब्ध गराउने क्षेत्रहरु देहायबमोजिम हुनेछन्:

(क) स्वास्थ्य सेवा सहयोग,

(ख) उद्धार, अल्पकालिन संरक्षण तथा पुनर्स्थापना,

(ग) तत्काल आपत्कालिन राहत,

सचिव

मा. नरदेवी पुन मगर
मन्त्री
सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, नेपाल

(घ) कानुनी परामर्श तथा मनोसामाजिक विर्मश,

(ङ) शैक्षिक सहयोग

(च) समितिले तोके बमोजिमको अन्य कार्य ।

४. **स्थानीय तहमा छनौट तथा सिफारिस समितिको व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम प्रत्येक स्थानीय तहमा लक्षित बालबालिकाहरुलाई सामाजिक सुरक्षा सहयोग उपलब्धताको लागि मन्त्रालयमा सिफारिस गर्न देहाय बमोजिमको एक छनौट तथा सिफारिस समिति रहने छ ।

| | |
|---|---|
| (क) गाँउ/नगर पालिकाका उपप्रमुख | संयोजक |
| (ख) कार्यपालिकाको सामाजिक विकास समिति संयोजक | सदस्य |
| (ग) बालबालिका शाखा हेर्ने कर्मचारी | सदस्य सचिव |

५. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) जोखिममा रहेका बालबालिकाहरुको तथ्यांक संकलन गर्ने,

(ख) तथ्यांक विश्लेषण तथा प्राथमिकिकरण गर्ने,

(ग) जोखिम अवस्थामा भएका बालबालिकाको उद्धार गर्ने,

(घ) आपतकालीन अवस्थामा रहेको बालबालिकालाई राहत र पुनर्स्थापनाको लागि सिफारिस गर्ने,

(ङ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासंग समन्वय गर्ने,

(च) आबश्यक कागजातहरु तयार गरी बिस्तृत बिवरण सहित मन्त्रालयमा पठाउने ।

६. **सिफारिस रकमको मापदण्ड सम्बन्धी व्यवस्थाः** दफा ४ मा उल्लखित समितिले जोखिममा रहेका बालबालिकाहरुलाई सामाजिक सुरक्षा सहयोगको लागि सिफारिस गर्दा देहाय बमोजिमको मापदण्ड भित्र रहेर गर्नुपर्नेछ ।

(क) स्वास्थ्य उपचारको क्षेत्रमा बढीमा दस हजार सम्म

(ख) शैक्षिक सामाग्रीमा सहयोग बढीमा दस हजार सम्म

(ग) आपतकालिन (विपत/भवितव्य)का लागि बढीमा दस हजार सम्म

(घ) कानूनी/मनोसामाजिक परामर्शका लागि बढीमा दस हजार सम्म

(ङ) विपन्नता र हेरचाहका लागि बढीमा दस हजार सम्म

(३) उपदफा १ मा तोकिएको रकम सिफारिस अनुसुची २ को ढांचा अनुसार हुनुपर्नेछ ।

७. **छनौट समितिको गठनः** (१) सामाजिक सुरक्षा सहयोग उपलब्ध गराउनको लागि मन्त्रालयमा देहाय बमोजिमको एक छनौट समिति रहनेछ ।

सचिव

मा. नरदेवी पुन मगर
मन्त्री
सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, नेपाल

| | |
|---|---|
| (क) सामाजिक विकास महाशाखा प्रमुख | संयोजक |
| (ख) स्वास्थ्य महाशाखा अधिकृत प्रतिनिधी | सदस्य |
| (ग) शिक्षा महाशाखा अधिकृत प्रतिनिधी | सदस्य |
| (घ) महाशाखाका सम्बन्धित शाखा प्रमुख | सदस्य-सचिव |

८. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आपतकालिन अवस्थामा रहेका बालबालिकाको उद्धार, संरक्षण तथा पुनर्स्थापना गर्न स्थानीय तहबाट सिफारिस भै आएका बालबालिकाहरुको प्राथमिकता निर्धारण गर्ने,

(ख) सामाजिक सुरक्षा सहयोगको रुपमा जिन्सी वा नगद उपलब्ध गराउन निर्णय गरि मन्त्रालयमा पेश गर्ने,

(ग) जोखिम अवस्थामा भएका बालबालिकाको उद्धारका लागि समन्वय गर्ने,

(घ) उपलब्ध गराईएको राहत तथा सहयोग प्रभावकारी भए नभएको अनुगमन गरी अभिलेख राख्ने राख्न लगाउने,

(ङ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संघसस्थासंग समन्वय गर्ने,

९. **समितिको बैठक सम्बन्धी व्यवस्थाः** समितिको बैठक सम्बन्धि व्यवस्था देहायबमोजिम हुनेछः

(क) समितिको बैठक वर्षमा तीन पटक बस्ने छ तर आवश्यकता अनुसार संयोजकले जुनसुकै बेला पनि बैठक बोलाउन सक्नेछन्,

(ख) बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ,

(ग) बैठक बस्नुभन्दा कम्तीमा ४८ घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूचि सहितको सूचना समितिका सबै सदस्यलाई दिनुपर्नेछ,

(घ) समितिको वैठकको निर्णय संयोजकले प्रमाणित गर्नेछ,

(ङ) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार, संरक्षण तथा पुनर्स्थापना गर्नुपर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य सचिवको आपसी सहमतिले आवश्यक हुने रकम खर्च गर्न सक्नेछन् तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नुपर्नेछ,

(च) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **भुक्तानीका लागि पेश गर्नु पर्ने कागजातहरुः** उद्धार, संरक्षण तथा पुनर्स्थापना गर्नुपर्ने वा गरिएका बालबालिकाहरुका लागि भएका खर्चको भुक्तानी गर्दा मन्त्रालयमा देहायबमोजिमका कागजातहरु पेश गर्नुपर्ने छ ।

(क) जन्म दर्ताको प्रमाण प्रत्रको प्रतिलिपी वा स्थानीय तहको मुचुल्का,

सचिव

मा. नरदेवी पुन मगर
मन्त्री
सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, नेपाल

(ख) अभिभावक वा संरक्षकको नागरिकता वा प्रमाण खुल्ने अन्य कागजातहरु,

(ग) अनाथ तथा बिपन्न सम्बन्धि प्रमाणीकरण गरिएको कागजात,

(घ) स्थानीय तह/समितिको सहयोगको क्षेत्र खुल्ने सिफारिस-प्रत्र,

(ङ) अन्य आवश्यक कागजातहरु ।

११. **वाधा अड्काउ फुकाउने अधिकारः** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै वाधा अड्काउ देखा परेमा उक्त वाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ ।

१२. **संशोधन एवं हेरफेरः** मन्त्रालयले यस कार्यविधिमा संशोधन एवं हेरफेर गर्न आवश्यक ठानेमा प्रस्ताव तयार पारी स्वीकृतिका लागि सिफारिस गर्न सक्नेछ ।

## अनुसूचि १

### लक्षित बालबालिका

(१) जोखिमपूर्ण श्रममा संलग्न रहेका,

(२) हराएको वा वेवारिसे अवस्थामा फेला परेका,

(३) ऋणको कारणले बन्धकमा रहेको वा जवरजस्ती श्रमबाट पीडित भएका,

(४) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित भएका,

(५) दुर्घटना वा विपदमा परेका,

(६) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसूरसंग सम्बन्धित रहेको कारणले बेवारीस भएका,

(७) हिंसा, यौनशोषण, यौन दुर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेका,

(८) बाबुआमा वा संरक्षकबाट बञ्चित भएका,

(९) अभिभावक विहिन पूर्ण अशक्त अपाङ्गता भएका,

(१०) अपहरण वा शरीर बन्धकमा परेका,

(१२) सडक बालबालिका,

(१३) एच.आई.भी. एड्स लगायतका गम्भीर प्रकृतिका सरुवा रोगबाट संक्रमित भएको,

(१४) जन्मने वित्तिकै आमा वा बुवाबाट तिरस्कृत भई संरक्षण विहीन अवस्थामा फेला परेका,

(१५) विभिन्न कारणबाट आमा बुवाबाट त्यागिएका र विपदमा परेका,

(१६) आमा बाबु दुबै वा कुनै एक अभिभावक नभएको कारण शिक्षा, स्वास्थ्य तथा पालन पोषणबाट बञ्चित तथा जोखिम परिस्थितीमा रहेका,

(१७) आमा बाबु भएको भएता पनि जोखिम अवस्थामा रहेका बालबालिका,

(१८) समितिले पहिचान गरेका अन्य बालबालिका ।

सचिव

मा. नर [illegible] पुन मगर
मन्त्री
सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, नेपाल

## अनुसूचि २

### फारामको ढांचा

.............नगरपालिका /गाउंपालिका

विषय  सिफारिस सम्बन्धमा

श्री .........................................................................................

उपरोक्त सम्बन्धमा यस .................... पालिकाका जोखिम अवस्थामा रहेका (स्वास्थ्य/ शिक्षा/ हिंसा/ पुनर्स्थापन/हेरचाह) बालबालिकालाई सामाजिक सुरक्षा सहयोग उपलब्ध गराउन यस छनौट तथा सिफारिस समितिले तपशिलमा उल्लेखित बालबालिकाहरुलाई राहत उपलब्धको लागि सिफारिस गरिएको छ ।

| सि.नं. | बालबालिकाको नाम थर | ठेगाना | उमेर | संरक्षकको नाम | नाता | सहयोगको क्षेत्र | सिफारिस गरिएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

<u>संलग्न कागजात</u>

स्थानीय तहको सिफारिस

जन्मदर्ताको प्रतिलिपी/जन्म प्रमाणित

स्वास्थ्य जांचको कागजात

शैक्षिक सहयोगकोलागि विद्यालयको सिफरिस समेत

संरक्षक/अविभावकको नागरिकताको प्रतिलिपी

सचिव